# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०४) पोखरा, असोज ८ गते, २०७८ साल (अतिरिक्ताङ्क १८

भाग १

गण्डकी प्रदेश सरकार

कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय

नेपालको संविधान बमोजिम प्रदेश सभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७८ सालको ऐन नं.०४

## प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७४ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **नाम र संक्षिप्त प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७८ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७४ को दफा २ मा संशोधनः** प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७४ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (क) पछि देहायको खण्ड (क१), (क२), (क३) र (क४) थपिएका छन्:-

"(क१) "दलको उपनेता" भन्नाले प्रदेश सभामा प्रतिनिधित्व गर्ने दलको उपनेता सम्झनु पर्छ ।

(क२) "दलको नेता" भन्नाले प्रदेश सभामा प्रतिनिधित्व गर्ने दलको नेता सम्झनु पर्छ ।

(क३) "दलको प्रमुख सचेतक" भन्नाले प्रदेश सभामा प्रतिनिधित्व गर्ने दलको नेताले सो दलको प्रमुख सचेतक भई काम गर्न तोकेको सभाको सदस्य सम्झनु पर्छ।"

(क४) "दलको सचेतक" भन्नाले प्रदेश सभामा प्रतिनिधित्व गर्ने दलको नेताले सो दलको सचेतक भई काम गर्न तोकेको सभाको सदस्य सम्झनु पर्छ।"

(२) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) "पदाधिकारी" भन्नाले सभामुख, उपसभामुख, दलको नेता, विपक्षी दलको नेता, दलको उपनेता, सत्ता पक्षको प्रमुख सचेतक, विपक्षी दलको प्रमुख सचेतक, सभापति, दलको प्रमुख सचेतक र दलको सचेतक समेतलाई सम्झनु पर्छ ।"

(३) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) "प्रदेश सभा" भन्नाले नेपालको संविधानको धारा १७५ बमोजिमको गण्डकी प्रदेश सभालाई सम्झनु पर्छ ।

(४) खण्ड (गक) को सट्टा देहायको खण्ड (ग१) राखिएको छः-

"(ग१) विपक्षी दलको प्रमुख सचेतक" भन्नाले विपक्षी दलको नेताले प्रदेश सभामा विपक्षी दलको प्रमुख सचेतक भई काम गर्न तोकेको प्रदेश सभाको सदस्य सम्झनु पर्छ।"

(५) खण्ड (गख) झिकिएको छ ।

(६) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) सत्ता पक्षको प्रमुख सचेतक" भन्नाले प्रदेश सभामा बहुमत प्राप्त संसदीय दलको नेताले वा त्यसरी बहुमत प्राप्त गर्ने कुनै दल नभएमा मुख्यमन्त्रीले प्रदेश सभामा सत्ता पक्षको प्रमुख सचेतक भई काम गर्न तोकेको प्रदेश सभाको सदस्य सम्झनु पर्छ।"

३. **मूल ऐन को दफा ७ मा संशोधनः** मूल ऐनको दफा (७) को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) सभामुख, उपसभामुख, दलको नेता, विपक्षी दलको नेता, सत्ता पक्षको प्रमुख सचेतक, विपक्षी दलको प्रमुख सचेतक, सभापति, दलको प्रमुख सचेतकलाई चालक सहितको सवारी साधन एक र अनुसूची-१ मा उल्लेख भए बमोजिमको सवारी इन्धन र मोबिल उपलब्ध गराइनेछ ।"

४. **मूल ऐनको अनुसूचीमा हेरफेरः** मूल ऐनको अनुसूची-१ र अनुसूची-२ को सट्टा देहायको अनुसूची-१ र अनुसूची-२ राखिएका छन्:-

अनुसूची-१

(दफा ३, ४, ६, ७, ८ र ९ सँग सम्बन्धित)

**पदाधिकारी तथा सदस्यले पाउने सुविधा**

| क.स | सुविधाको किसिम | इकाई दर | सभामुख | उपसभामुख र विपक्षी दलको नेता | दलको नेता | दलको उपनेता | सत्ता पक्षको प्रमुख सचेतक, विपक्षी दलको प्रमुख सचेतक, समितिको सभापति र दलको प्रमुख सचेतक | दलको सचेतक | सदस्य |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | पारिश्रमिक | प्रति महिना रु. | ६३,४८० | ६०,००० | ५९,५०० | ५८,८४० | ५८,८४० | ५६,५२० | ५४,२०० |
| २. | बैठक भत्ता | प्रति दिन रु. | १,००० | १,००० | १,००० | १,००० | १,००० | १,००० | १,००० |
| ३. | सञ्चार सुविधा (टेलिफोन, इन्टरनेट, पत्रपत्रिका) | प्रति महिना रु. | २,००० | १,५०० | १,५०० | १,५०० | १,५०० | १,५०० | १,५०० |
| ४. | आवास सुविधा | प्रति महिना रु. | आवास उपलब्ध गराउने | आवास उपलब्ध गराउने (विपक्षी दलको नेतालाई घरभाडा बापत | १५,००० | १५,००० | १५,००० | १५,००० | १५,००० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | मासिक रू. २०,००० ।- (अक्षरेपि वीस हजार मात्र) उपलब्ध गराउने) | | | | | |
| ५. | फर्निचर (पाँच वर्षको अवधिमा) एक पटक | एक मुष्ठ रु. | - | - | ५०,००० | ५०,००० | ५०,००० | ५०,००० | ५०,००० |
| ६. | निजी सचिवालय बन्दोवस्त | प्रति महिना रु. | २,००० | १,७५० | १,७५० | १,७५० | १,७५० | १,२०० | १,२०० |
| ७. | सवारी इन्धन | प्रति महिना लि. | १५० | १०० | ९० | - | ९० | - | - |
| ८. | मोविल | त्रैमासिक लि | १० | ५ | ५ | - | ५ | - | - |
| ९. | बिजुली, धारा | प्रति महिना | विल अनुसार | १,५०० | १,५०० | १,५०० | १,५०० | १,५०० | १,५०० |
| १० | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | २,५०० | २,००० | २,००० | २,००० | २,००० | २,००० | २,००० |
| ११ | विदेश भ्रमण गर्दाको | प्रति दिन अमेरि | १७५ | १५० | १५० | १५० | १५० | १५० | १५० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | दैनिक भत्ता | की डलरमा | | | | | | | |
| १२ | यात्रा बिमा | प्रति भ्रमण रु(लाख मा) | १० | १० | १० | १० | १० | १० | १० |
| १३ | यातायात सुविधा | बैठक बसेको प्रति दिन रु. | - | - | - | ७५० | - | - | ७५० |

**द्रष्टव्यः**

१. विदेश भ्रमण गर्दा भारतको चेन्नाई, हैदराबाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकाता र बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात बिताउनु पर्दा माथि उल्लेखित दरको पचास प्रतिशत रकम मात्र दिइनेछ । अन्य देशको हकमा माथिको दररेट अनुसार नै हुनेछ ।

२. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट दैनिक भत्ता बापतको रकम उपलब्ध गराइएको अवस्थामा उल्लेखित दैनिक भत्ता बापतको रकम उपलब्ध गराइने छैन ।

३. पोखरा महानगरपालिकामा घर हुने पदाधिकारी वा सदस्यलाई आवास सुविधा बापतको रकमको आधा रकम आवास मर्मत र सम्भार बापत दिईनेछ।

४. दलका सचेतकलाई यातायात खर्च बापत मासिक रु.१०,०००/- उपलब्ध गराइनेछ ।

५. संसदीय दलको सञ्चालन खर्च बापत प्रत्येक संसदीय दललाई २०७६ जेठ महिना देखि लागु हुने गरी प्रति प्रदेश सभा सदस्य मासिक रु. ३,०००/- का दरले हुन आउने जम्मा रकम उपलब्ध गराइनेछ ।

अनुसूची-२

(दफा ५ सँग सम्बन्धित)

**पदाधिकारी तथा सदस्यलाई दिइने अन्य सुविधा**

| क्र.स. | सुविधाको किसिम | इकाई दर | सभामुख | उपसभामुख र विपक्षी दलको नेता | दलको नेता | दल को उपनेता | सत्ता पक्षको प्रमुख सचेतक, विपक्षी दलको प्रमुख सचेतक ,समितिको सभापति र दलको प्रमुख सचेतक | दल को सचेतक | सदस्य |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | स्वकीय सचिव (अधिकृत छैंटौं सरह) | जना | १ | १ | - | - | - | - | - |
| २ | सहायक स्वकीय सचिव (सहायक पाचौं सरह) | जना | १ | १ | १ | १ | १ | १ | १ |
| ३ | कार्यालय सहयोगी (प्रथम स्तर) | जना | १ | १ | - | - | - - | - | - |
| ४ | अतिथी सत्कार | प्रति महिना रु. | १०,००० | ५,००० | - | - | - | - | - |

**द्रष्टव्यः**

१. स्वकीय सचिवालयका कर्मचारीहरुले शुरु स्केल अनुसारको तलव मात्र पाउनेछन्। नियुक्ति भएको छ महिना पुगेपछि बर्षको एकपटक शुरु स्केलको एक महिनाको तलव बराबरले हुन आउने रकम चाडबाड खर्च वापत पाउनेछन्।

२. स्वकीय सचिवालयका कर्मचारीहरुले यस ऐन बमोजिम प्राप्त गर्ने पारिश्रमिक निजहरुको बैंक खातामा उपलब्ध गराइनेछ ।

आज्ञाले,

काशीराम गैरे

**प्रमाणीकरण मितिः२०७८।०६।०८** प्रदेश सरकारको नि.सचिव

**मुद्रकः** कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय, प्रदेश सरकार, गण्डकी प्रदेश।मूल्य रु.१०।-